# आर्थिक वर्ष २०७७/७८ को

# बजेट तथा कार्यक्रम

## दोरम्बा गाउँपालिका

टोकरपुर, रामेछाप

वाग्मती प्रदेश, नेपाल

२०७७

# दोरम्बा गाउँपालिकाको सातौ गाउँसभाको वैठकमा २०७७ साल असार १४ गते गाउँपालिका उपाध्यक्ष श्री कृशला घिसिङले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७७/७८ को
## बजेट वक्तव्य

**दोरम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टोकरपुर, रामेछाप**
**वाग्मती प्रदेश, नेपाल**

बैरम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

**श्रद्धेय सभाध्यक्षज्यू, सभा सदस्यज्यूहरु**

१. आथिक वर्ष २०७७/७८ को वार्षिक नीति, कार्यक्रम एवं बजेट कार्यक्रममा उपस्थित सम्पुर्ण गाउँसभा सदस्यज्यूहरु लगायत यहाँहरु सवैमा हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्न चाहन्छु । राष्टियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाजको निर्माण र समृद्धिको मार्गमा एकतावद्ध रहेका महान गाउँबासी नागरिक र राजनीतिक नेतृत्व प्रति पनि उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. सर्वप्रथम, यो देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईतेहरुप्रति उच्च सम्मान प्रकट गर्दै स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र गणतन्त्र प्राप्तिको संघर्षमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा महान वीर पूर्खाहरु तथा अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी परिवर्तन र रुपान्तरणमा वहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन सहित हृदय देखि नै स्मरण गर्न चाहन्छु ।

३. नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीय, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार गठन भई आपसी समन्वय, सहकार्य, सहयोग र समभ्फदारीमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न देश समृद्ध विकास तर्फ अगाडि बढिरहेको सन्दर्भमा विश्वलाई नै आक्रान्त पार्ने गरी विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीले ल्याएको चुनौती पूर्ण र विषम परिस्थितिका बीच आर्थिक वर्ष २०७७/७८ को लागि दोरम्वा गाउँपालिकाको यस गरिमामय सातौं गाउँ सभामा वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

४. नेपालको संविधानको मर्म अनुसार संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्धलाई मजवुत बनाउँदै तिनै तहको सरकारको समन्वय, सहकार्य र सहयोगमा कोरोना भाइरसको संक्रमणको रोक थाम तथा नियन्त्रणमा दोरम्वा गाउँपालिका पूर्ण प्रतिबद्ध रहेकोछ । नेपालभित्र तथा बाहिर कोरोना भाइरस संक्रमणका कारण ज्यान गुमाएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु र विश्वभर ज्यान गुमाउने नागरिकहरुप्रति दोरम्वा गाउँपालिका हार्दिक श्रद्धाञ्जली एवं शोकाकुल परिवारजनमा गहिरो समवेदनाका साथ संक्रमित भै उपचाररत सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

बर्मिला घिसिङ
गाउँपालिका उपाध्यक्ष

५. संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले व्यवस्था गरेको आधारभूत तहको सरकार स्थानीय तहको महत्व र प्रभावकारितालाई व्यवस्थित र अर्थपूर्ण बनाउँदै विकास र समृद्धिमा अघि बढिरहेको अवस्थामा यस गरिमामय सभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले उपस्थित भई दोरम्वा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वीत महसुस गरेको छु।

६. यसै सिलसिलामा ऐतिहाँसिक तथ्य र प्रमाणहरुको आधारमा कालापानी, लिपुलेक र लिम्पियाधुरा सहित नेपालको हडपिएको क्षेत्रलाई समावेश गरी नेपालको परिमार्जित नक्शा जारी गरेकोमा नेपाल सरकार तथा संघीय संसदका सम्बद्ध सम्पूर्ण माननीय ज्यूहरुप्रति दोरम्वा गाउँपालिका उच्च सम्मानका साथ हार्दिक आभार प्रकट गर्दछ।

७. दोरम्वा गाउँपालिका लोकतान्त्रीक विधि प्रक्रिया र यसका मूल्यमान्यता, मानवअधिकारको संरक्षण एवं प्रत्याभूति दिलाउन, सुशासन, उत्तरदायी स्थानीय सरकार, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र न्यायीक निरुपण, आवधिक निर्वाचन, विधिको शासन, पूर्ण प्रेस स्वतन्त्रता, आम नागरिकको आधारभूत हक अधिकारप्रति सधैं प्रतिबद्ध रहेको छ।

८. नेपालको संविधानले अंगिकार गरेको तीन खम्बे अर्थ नीति अनुसार तिव्र आर्थिक वृद्धि गरी दिगो विकास लक्ष्य प्राप्ति गर्न संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहयोगमा समाजवाद उन्मुख अर्थतन्त्रको आधार खडा गर्न दोरम्वा गाउँपालिका पूर्णत दृढता प्रकट गर्दछ।

**सभाध्यक्ष महोदय**

९. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९)को कारण आम नागरिकको दैनिक जनजीवन र अर्थतन्त्रमा पर्न गएको नकारात्मक असरलाई कम गराइ सहजताका साथ पुनःस्थापना गर्न आम नागरिकको स्वस्थ जीवन र उत्पादनशील कार्यमा हाम्रो ध्यान केन्द्रित गराउनु जरुरी देखिन्छ। दोरम्वा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट यसै तर्फ केन्द्रित रहेको छ।

१०. दोरम्वा गाउँपालिकाका आम मतदाताहरुको अमूल्य मतद्वारा निर्वाचित भई दोरम्वा गाउँपालिकाको विकास, रुपान्तरण, समृद्धि तथा जनतालाई सुखी र खुशी तुल्याउन हामीले जिम्मेवारी सम्हालेको तीन वर्ष विति सकेकोछ। हालसम्म हामीले अनुमोदन गरि अघि बढाएको नीति, कार्यक्रम तथा सोको अधिनमा रहि बजेट विनियोजन गरि विकास निर्माण तथा सुशासनको थालनी गरेका थियौं। यस समयावधिमा संवैधानिक विधि प्रक्रियालाई आत्मसात

कृशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

गरी सुशासन तथा सेवा प्रवाहलाई समयानुकुल बनाउन ऐन, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं भने आवश्यकता अनुसार थप तथा परिमार्जन गर्दैजाने छौं ।

११. स्थानीय तहलाई जनताको घर दैलोको सरकारको प्रत्याभूति दिलाउन लामो समय देखिको जनप्रतिनिधि नहुँदा भएका अन्यौलता, जटिलता, अप्ठ्याराहरुलाई चिर्दै जनताका हक अधिकार स्थापित गर्दै जनताका आशा र भरोसालाई अझ बढी विश्वस्त बनाइ, आर्थिक विकास, सामाजिक न्याय र समुन्नतिका लागि प्रतिबद्ध रहदै अघि बढिरहेका छौ ।

१२. नेपाल सरकारले लिएको “समृद्ध नेपाल सुखी नेपाली” को परिकल्पना पुरा गर्नु संघीय सरकार, प्रदेश सरकारको साथ साथै स्थानीय सरकारको दायित्व आफैंमा छ । यस परिकल्पना पुरा गर्नका लागि गाउँपालिकाको समग्र समिति हरपल लागिरहेको जानकारी यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु । नेपालको बर्तमान संविधानमा भएको व्यवस्था बमोजिम प्रत्येक गाउँपालिका एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ भन्ने उल्लेख गरे अनुसार नै यस गाउँपालिकाले पनि आफ्ना समग्र गतिविधि एवं काम कारवाहीहरु सञ्चालन र व्यवस्थित गरिएको छ । रामेछाप जिल्लामा रहेका ८ स्थानीय तहहरुमध्धे यस गाउँपालिकाले आफ्ना विकासका गतिविधि संचालन गरी जनतालाई स्थानीय सरकारको आभास दिलाउनु आफैंमा जटिल विषय रहेको छ तापनि गाउँपालिकाका समग्र जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासले चुनावी सभाहरुमा हामीवाट गरिएका प्रतिवद्धता पुरा गर्ने कार्यमा कुनै कसर वाँकी नराख्ने कुरा समेत पुनः स्मरण गराउन चाहान्छु ।

**श्रदेय सभाध्यक्षज्यू**

**गाउँपालिकाको समग्र विश्लेशण**

**सवल पक्ष**

**अव म दोरम्वा गाउँपालिका रहेका सकारात्मक पक्षको समिक्षा गर्न चाहान्छु ।**

१३. गाउँपालिकाको मुख्य राजमार्गको रुपमा रहेका गाल्पा, दोरम्वा टोकरपुर, टारपुडी, टेक्सिङ हुदै सानो शैलुङ, सडकको स्तरोन्नति सडक विस्तार गरि पर्यटकीय गन्तव्य विकास र विस्तार हुने अवस्था सृजना भएको छ ।

१४.प्राकृतिक चिनारीको रुपमा रहेको शैलुङ क्षेत्रसम्म पुग्नको लागि बाहै महिना सडक सुचारु रहने अवस्थाको सृजना भएको छ साथै उक्त क्षेत्रको वृहत्तर विकासका लीग पहिलो आधार विस्तृत गुरुयोजना निर्माण गरि विकासको पदमार्ग तयार भएको छ ।

कृशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

१५. आम नागरिकहरुलाई आफ्नो घर जग्गासम्म पुग्ने गरि बाह्रै महिना सडक सञ्चालन हुने गरी मुख्य सडक निर्माण हुदै गएको छ।

१६. गाउँ कार्यपालिकाको कार्यालय र सम्पुर्ण वडा कार्यालयहरुको निर्माण कार्य सम्पन्न भएकोले सम्वन्धित कार्यालयहरुवाट सेवा प्रवाह गर्न सफल भएका छौ जसले कार्यालय र नागरिक विच कार्यवातावरणमा सहजता ल्याएको छ। साथै गाउँपालिकामा हामी निर्वाचीत भई पदवहालीको अवस्थामा २-४ जना मात्र कर्मचारीहरुवाट कार्यसम्पादन गर्नुपर्दाको विषम एवं जटिल अवस्थावाट मुक्त भई गाउँपालिकाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा स्वीकत दरवन्दी तेरिज अनुसार लोक सेवा आयोगमा माग गरि रिक्त दरवन्दी पुर्ति भएकोले सेवा प्रवाहमा सहज हुने अवस्था सृजना भएको छ।

१७. यस गाउँपालिकाको भौगोलिक रुपमा विकट रहेको वडा नं. ४ गौश्वारा, पासेवन जोड्ने सडकखण्डको स्तरोन्नति गरी विगतको तुलनात्मक हिसावमा स्थानीय वासीलाई सहज आवागमनको वातावरण तयार भएको छ। साथै गाउँपालिकाका अधिकांश सडकहरुमा ढुँगा सोलिङ गरी सहज आवागमनको व्यवस्था मिलाईएको छ।

१८. कृषकहरुलाई आधुनिक व्यवसायसँग परिचित गराई व्यवसायिकीकरण ढंगवाट कृषि खेती गर्नका लागि गाउँपालिका र कृषकहरुको साझेदारीमा विभिन्न कृषि सेवा एवं पशु सेवा संग सम्वन्धित कार्यक्रम संचालन भएको छ। जसले स्थानीय युवाजगतमा वैदेशिक रोजगारी त्यागी स्वरोजगारमा जोड दिने वातावरण सृजना भएको छ।

१९. **"एक गाउँपालिका एक अस्पताल"** को अवधारणालाई साकार पार्न सफल भई दोरम्वा गाउँपालिकाको वडा नं. २ को दोरम्वा स्वास्थ्य चौकीलाई अस्पतालको रुपमा नेपाल सरकार स्वस्थ्य तथा जनसंख्या मन्त्रालयवाट अस्पतालको रुपमा घोषणा गराउन सफल भईएको छ। साथै अस्पतालमा ल्याव एवं रेडियोलोजी सेवा संचालन भईसकेको अवस्था विद्यमान छ। जसले गर्दा स्थानीय स्तरमा विषेशज्ञ सेवा प्रदान गर्न सफल भईएको छ।

**कमजोर पक्ष**

**सभाध्यक्षज्यू**

२०. रामेछाप जिल्लाको दुर्गम स्थानमा रहेको स्थानीय तहको रुपमा दोरम्वा गाउँपालिका रहेको साथै यस आन्तरिक आय श्रोत ज्यादै न्युन रहेका कारण पनि केन्दिय सरकार र प्रदेश सरकारको अनुदानका आधारमा जनतामा परिवर्तनको आभास दिनुपर्ने अवस्था रहेको छ। जसमा



कुशला घिसिङ
उपाध्यक्ष

गाउँपालिकाले चाहादा चाहादै पनि कतिपय विषयमा सफलता प्राप्त गर्न नसकि रहेको अवस्था छ। जसलाई निम्न रुपमा उल्लेख गरेको छु।

२१. व्यक्तिमुखि भावनाको विकास तथा अरुको आलोचनामा रमाउने भिडका माझ उच्च मनोवलका साथ कार्य सञ्चालन गर्ने वातावरणको विकास नहुदा विकासले तिव्रता पाउन सकेको छैन।

२२. आफूले तिर्नुपर्ने कर, दस्तुर तथा राजश्व समयमा नै बुझाउनु पर्छ भन्ने भावना तथा बानीको विकास नभएको जसले गर्दा विकास कार्यमा आन्तरिक आयको न्युन रुपमा परिचालन गरि केन्द्रको मुख ताक्नुपर्ने अवस्था छ।

२३. विकास निर्माण कार्यमा आम नागरिकहरुमा सामुहिक भन्दा व्यक्तिगत सोच र आवश्यकता पुर्तिका लागि अग्रसर हुने देखिएकोले लक्ष्य अनुसार विकास निर्माण कार्य संचालन गर्नमा पनि असहज वातावरण सृजना भएको देखिन्छ।

**अवसर**

**सभाध्यक्षज्यू**

माथि उल्लेखित समस्याहरुका वावजुद हामीलाई केही सुनौला अवसरहरुले पनि पच्छाईरहेका छन्, जुन निम्नानुसार छन।

२४. गाल्पा देखि लखनपुर र टोकरपुर देखि गौश्वारा सम्मको सडक विस्तारको क्रममा रहेकोले आगमी दिनमा सडक पुर्वाधारमा न्युन रकमले पनि सडक तर्फको माग पुरा गर्न सकिने अवस्था सृजना भएको छ।

२५. गाउँपीलका भित्रका माध्यामिक तथा आधारभुत विद्यालयहरुको भौतिक पुर्वाधार निर्माणका कार्यहरु सम्पन्न भईसकेको र केहीमा सम्पन्न हुने क्रममा रहेकोले आगामी दिनमा गाउँपालिकाले भौतिक पुर्वाधारमा नभई शैक्षिक गुणस्तर विकासमा मात्र ध्यान दिन सकिने वातावरण तयार भएको छ।

२६. गाउँपीलकाको लागत साझेदारीमा गाउँपालिकाका अधिकाँश वडाका युवाहरु नमुना पशुपालन तर्फ आकर्षिक भई उन्नत जातको बाख्रापालन व्यवसायमा लागि स्वरोजगारको अवस्था सृजना भएको छ। जसले गर्दा अन्य वेरोजगार युवाहरुले पनि सा मार्ग पछ्याउने आधार सृजना भएको छ। साथै पशुविमा कार्यक्रमवाट पनि पशु पालन व्यवसाय सुरक्षित वनाउने पहल शुरु भएको छ।

२७. यस गाउँपालिकाको भू-वनोट, हावापानी, मौसम, जलवायु तथा भौगोलिक संरचना अनुसार बहुमुल्य जडिबुटी उत्पादनको संभावना भएको हुँदा सो क्षेत्रका बासिन्दालाई जडिबुटी

उत्पादनमा प्रोत्साहित गरि आवश्यक अध्ययन अनुसन्धान गरी जडीबुटी उत्पादनको क्षेत्रमा महत्वपूर्ण टेवा पुग्ने साथै आर्थिक विकासको अवसर सृजना भएको छ।

२८.गाउँपालिका भित्र विभिन्न कृषिजन्य, पशुजन्य तथा फलफुल उत्पादनको प्रजुर संभावना रहेको हुँदा कृषकहरुलाई आवश्यक परामर्श, आर्थिक तथा प्राविधिक सहयोग मार्फत कृषि उत्पादनमा बृद्धि तथा प्रोत्साहन गरी कृषि क्षेत्रको प्रवर्द्धन एवं विकास गरी जनताको आय बृद्धि हुने अवसरले पर्ख्याइरहेको छ।

२९.स्थानीय जन, धन, श्रम र स्रोत साधनको उपयोगमा प्राथमिकता तथा प्रवर्द्धनलाई बढावा दिई **"आफ्नो विकास आफ्नै लागि"** भन्ने जनभावना अभिवृद्धि गराई स्थानीय जनको उपयोग स्थानीय विकास निर्माणमा बढि भन्दा बढि उपयोग एवं जनसहभागीता गराउन सकिन्छ। जसले गर्दा वेरोजगारहरुलाई मौसमी रोजगारी प्रदान गरी स्थानीय स्रोत साधनको परिचालन हुने अवस्था सृजना भएको छ।

३०.गाउँपालिका भित्र उत्पादन भएका कृषि तथा पशुजन्य उत्पादनलाई प्रभावकारी एवं उचित व्यवस्थापनको माध्यमबाट उद्यमशिलता विकास गर्नका लागी यस गाउँपालिका भित्र संचालनमा रहेका कृषि सहकारी, कृषि समूह लगायतका समूह तथा संस्थाहरुको परिचालन तथा उक्त संस्थाहरुसंग सहकार्य गरी उत्पादित वस्तुको बजार पहुँच सुनिश्चित गरी कृषि व्यवसाय बृद्धि अवस्थाको सृजना भएको छ।

**चूनौती**

**सभाध्यक्षज्यू**

३१. हरेक अवसरका साथमा चुनौती पनि अवश्य आउँछन नै। जुन चुनौतीलाई अवसरको रुपमा रुपान्तरण गरि जनताहरुलाई विकासको आभास दिलाउनु आजको आवश्यकता हो। यस अवसरमा सम्पुर्ण समाजसेवी वुद्धिजिवि एवं राजनीतिक दलको सहकार्यमा चुनौतीलाई अवसरमा वदल्न हामी पक्कै सफल हुनेछौ। जसलाई यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु।

३२. गाउँपालिका भित्र रहेको बेरोजगारी समस्या समाधानका लागी सेवाहरुलाई दिर्घकालिन सोच सहितको उद्यमशिलता विकास गरी मौसमी रोजगारी अन्त्य गर्नु,

३३. गाउँपालिका भित्र संचालन हुँदै आएका व्यापार, व्यवसाय, सहकारी, कृषि तथा विभिन्न समूहहरुको क्षमता अभिबृद्धि गरी उचित व्यवस्थापन तथा परिचालन गर्नु,

३४.गाउँपालिका भित्रको आन्तरिक आय बृद्धि हुने संभावित कृषि तथा पर्यटन क्षेत्रको विकास एवं प्रवर्द्धनका लागी दिर्घकालिन सोच सहितको योजना, निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गरी

यस गाउँपालिका भित्रका सम्पूर्ण कर, राजस्व समयानुकुल संकलन गरी आन्तरिक आय अभिबृद्धि गर्नु ।य

३५. कर कम तिर्ने र कर नै नतिर्ने मानसिकता र बढी आन्तरिक श्रोत परिचालन गर्नु पर्ने वाध्यतालाइ संयोजन गर्नु पनि आफैंमा चुनौतीपुर्ण रहेको छ।

३६. वीस वर्ष पछि भएको स्थानीय तहको निर्वाचन पश्चात आम जनताका आकासिएका आकांक्षा र सीमित श्रोत साधनलाइ तादाम्यता गर्नु पनि अर्को चुनौती रहेको छ।

३७. गाउँपालिकामा विगतदेखि कुनै दिर्घकालिन योजना विना विकास निर्माणका कार्यहरु भएकोले विकास निर्माणका कार्यलाई सही दिशातर्फ लैजानु र प्राथमिकता दिनु थप चुनौती रहेको छ।

३८. उपभोक्ता समितिमा पदाधिकारीको रुपमा वस्न चाहने अत्याधिक नागरिकहरु भेटिने तर जनश्रमदान गर्नमा भने कसैको चाहना नहुँदा न्युन आन्तरिक आयको अलावा सिमित केन्द्र र प्रदेश सरकारको अनुदानवाट विकास कार्य संचालनमा जटिलता सृजना भएको छ।

३९. दिर्घकालिन सोच र प्राविधिक सर्भे विना सडक निर्माण कार्य संचालन गरी सडक नालाको उचित व्यवस्थापन नहुँदा एक वर्षमा संचालित विकास निर्माण कार्यमा अर्को वर्षमा पुनः निर्माण गर्नु पर्ने अवस्था सृजना भएको जसले गर्दा दिगो विकासका लागि समस्या सृजना भएको अनुभुति भएको छ।

**वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति**

**सभाध्यक्षज्यू**

**यस गाउँपालिकाको वार्षिक, नीति तथा कार्यक्रम तर्जुमाका लागि देहायका पद्धतिहरु अवलम्बन गरिएको छ।**

१. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची।

२. नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,

३. नेपालको संविधान भाग ४ अन्तरगतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,



कृशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

५. संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

६. संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरु,

७. स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,

८. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,

९. स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएका प्रावधानहरु

१०. विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,

११. स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु।

**योजना छनौट गर्दा गरिएका प्राथमिकिकरणका आधारहरु**

यस गाउँपालिकाले आर्थिक बर्ष २०७७/७८ का लागि योजना तथा कार्यक्रम छनौट गर्दा तपसिलमा उल्लेखित आधारहरुलाई लिई छनौट तथा प्राथमिकीकरण गरेको छ।

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।

२. उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढीमा ३ वर्ष भित्र सम्पन्न हुने)

३. राजश्व परिचालनमा योगदान पुऱ्याउने।

४. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने।

५. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने।

६. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने।

७. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने।

८. समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने।

९. स्थान विशेषको संस्कृति र पहिचान प्रवद्धन गर्ने।

१०. स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु।

कृशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

## २. आगामी आ.व. २०७७/७८ को नीति, बजेट तथा कार्यक्रम

### २.१ सोच

"कृषि र पर्यटनमा मुख्य सुधार दोरम्बा गाउँपालिका समृद्धिको मुल आधार" भन्ने नारालाई यर्थाथतामा ल्याई समृद्द दोरम्बा निर्माण गर्ने ।

### २.२ लक्ष्य

शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनको माध्यमवाट स्थानीय जनजीवनमा सुधार ल्याउदै स्वरोजगारमूलक कार्यक्रमलाई प्रवर्द्धन गर्ने एवं गाउँपालिकाका सबै वडालाई राष्टिय एवं क्षेत्रिय सडक सञ्जालमा जोड्दै दीगो आर्थिक वृद्धि हासिल गर्ने ।

### २.३ उदेश्य

यस बजेटका उद्धेश्यहरु निम्नानुसार लिईएको छ ।

१. भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी गरिवी न्यूनकरणमा जोड दिने ।

२. कृषिमा लगानी वृद्धि गरि स्थानीय स्तरमा रोजगारी सृजना गर्ने ।

३. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारिरीक अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।

४. पर्यटकीय गन्तव्यहरुको विकास गरी पर्यटन प्रर्द्धनमा जोड दिने ।

५. शिक्षा क्षेत्रमा गुणात्मक सुधार गरि दक्ष प्राविधिक जनशक्तिको उत्पादन गर्ने

### २.४ वजेटका प्राथमिकताहरु

१. कृषिमा लगानी मार्फत स्वरोजगार उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्ने ।

२. स्थानीय राजमार्गलाई वाह्रै महिना सुचारु रहने अवस्थाको निर्माण गर्ने ।

३. गुणस्तरीय अनुशासनयुक्त र प्राविधिक शिक्षा प्रणाली मार्फत गुणस्तर सुधार गर्ने ।

४. विकास निर्माणमा स्थानीय युवा जनशक्ति लाई परिचालन गरि अत्याधिक मात्रामा जनसहभागितामुलक विकास क्रियाकलाप संचालन गर्ने ।

५. विश्व मानव जगतका लागि चुनौती वन्न पुगेको नोवेल कोरोना भाईरस ( कोभिड १९) विरुद्ध लड्न सवै सरकारी गैरसरकारी निजी संघ संस्था मार्फत अभियान अघि वढाउने ।

६. सुचना प्रविधिको अधिकतम उपयोग गर्दै सेवा प्रवाहलाई गुणस्तरीय चुस्त एवं छरितो वनाउने ।

कृशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

७. गाउँपालिकामा संचालनमा रहेका स्वास्थ्य संस्थाको क्षमता विकास एवं विस्तार गर्दै Zero Home Delivery" अभियानलाई कार्यान्वयनमा ल्याउने ।

८. स्थानीय स्तरमा वाँझो रहेका सरकारी एवं निजी जग्गालाई उत्पादनमुखी वनाउनका लागि सामुहिक खेती प्रणालीको विकास गर्ने ।

**सभाध्यक्षज्यू**

४०. अव म आगामी वर्ष २०७७/७८ का लागि क्षेत्रगत विषयतर्फ विनियोजन गरिएको रकमको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

**१. आर्थिक विकासतर्फ**

४१. यस गाउँपालिकाको पशुसेवा शाखावाट पशुसेवा सम्वन्धी कार्यक्रम संचालनका लागि ५० प्रतिशत अनुदानमा विविध कार्यक्रम संचालन गर्ने गरि रु ५०लाख रकम विनियोजन गरेको छु । जसवाट कृषकहरुलाई व्यवसायिक तवरले वाख्रा पालन व्यवसाय संचालन गर्ने, नमुना कृषकलाई वोयर जातको वोका खरिद गरि ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ । कृषि तर्फ अनुदानमा आधारित औजार उपकरण वितरण, विउ विजन वितरण, हिउदे र वर्षे फलफुल विरुवा वितरण पकेट क्षेत्र विस्तार लगायतका कार्यक्रमका लागि रु १ करोड विनियोजन गरेको छु ।

**२. सामाजिक विकासतर्फ**

४२.यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार ल्याउने उत्कट अभिलाशा र विद्यार्थीहरुलाई विद्यालय जाने वानीको विकास गराईनेछ । विद्यालय वाहिर रहेका वालवालिकाको संख्या न्यून रहेकोले समकक्षी विद्यार्थी मार्फत विद्यालय आर्कषणको वातावरण तयार गर्न लागि विविध कार्यक्रम ल्याईएको छ । जसका समग्रमा शैक्षिक कार्यक्रम संचालनका लागि रु ४५ लाख रकम विनियोजन गरेको छु ।

४३.विद्यालयमा रहेको शिक्षक विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी नभएको भनी आम शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक संघ संगठनवाट व्यापक गुनासो आएकोले उक्त गुनासो सम्वोधन गरि शिक्षक आपुर्ति गर्नका लागि पनि रकम विनियोजन गरेको छु । गाउँपालिका भित्रका आधारभुत विद्यालयहरुको पुर्वाधार विकास गर्नका लागि अधिकाँश विद्यालयमा घेरावार निर्माण गरि शैक्षिक वातावरण सुधार गर्ने, वालमैत्री शैक्षिक वातावरण सृजना गर्ने लगायतका कार्यका लागि रु ३० लाख रकम विनियोजन गरेको छु ।

कुशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

४४. १०० जना विद्यार्थीलाई गत विगत वर्षमा दिईदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईएको छ साथै वालमैत्री स्थानीय शासन सुचक प्राप्तिका लागि नौ वटा विद्यालय घेरावारका लागि समेत आवश्यक रकम विनियोजन गरिएको छ।

४५. हाल नोवेल कोरोना भाईरस ( कोविड १९) का कारण सवै स्थानीयवासीमा त्रासको वातावरण सृजना भएकोले स्वास्थ्य तथा विपद व्यवस्थापनका लागि आवश्यक मात्रामा वजेट विनियोजन गरेको छु जसले कोरोना भाईरस नियन्त्रण तथा रोकथाममा केही भए पनि टेवा पुग्ने अपेक्षा गरेको छु।

४६. गाउँपालिकाका वडा नं. ४ ५ र ६ का स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारको अवस्था कमजोर रहेका कारण सेवा प्रवाहमा जटिलता सृजना भएको भन्ने आम जनगुनासो आएकोले आगामी वर्ष वडा नं. ४ को स्वास्थ्य चौकी भवन निर्माणका लागि रु ३० लाख रकम विनियोजन गरेको छु। साथै वडा नं. ५ र ६ को आधारभुत स्वास्थ्य चौकी भवन पुर्णताका लागि कुल ४० लाख रकम विनियोजन गरिएको छ।

४७. नेपाल सरकारको विषेश अनुदानवाट शैलुङ वृहत्तर खानेपानी योजनाका लागि रु २ करोड रकम विनियोजन भएको छ। जसवाट यस गाउँपालिकाको वडा नं १, ४, ६ र ७ को खानेपानी अभावलाई पुर्णता दिन सघाउ पुग्ने देखेको छु। साथै वाग्मती प्रदेश सरकारवाट समेत उक्त योजनाका लागि रु ३५ लाख रकम प्राप्त भएको भएकोले उक्त योजनाको निर्माण कार्यमा थप टेवा पुग्ने अपेक्षा गरेको छु।

**३. पुर्वाधार विकासतर्फ**

४८. गाउँपालिकावाट विनियोजन भएको वजेटको अधिकाँश अँश पुर्वाधार विकास तर्फ केन्द्रिछ छ। टोल स्तरमा गरिएको टोल सुधार समितिवाट आएका अधिकाँश योजनाहरुको माग सडक निर्माण तथा मर्मतमा नै रहेको देखिएकोले पुर्वाधार तर्फ विनियोजित रकमले नै वजेट ठुलो मात्रा ओगटेको छ। जसमा कुल वजेटको अधिकाँश हिस्सा पुर्वाधार क्षेत्रमा विनियोजन गरेको छु।

४९. दोरम्वा गाउँपालिका र वाग्मती प्रदेश सरकारको लागत साझेदारीमा भोटनागी निगालवास दोरम्वा सडक स्तरोन्नतिका लागि रु १ करोड, मध्यपहाडी लोकमार्ग मिरथली कालिचौर जागु थापागाउँ सानो शैलुङ सडक स्तरोन्नतिका लागि रु २ करोड, दोरम्वा वोदल टोकरपुर सडक स्तरोन्नतिका लागि रु २ करोड र देउराली सिनेडाडा मझुवा दुधौली भञ्ज्याङ सडक स्तरोन्नतिका लागि रु १ करोड रकम विनियोजन गरिएको छ।

कुशला थिसिङ
गाउँपालिका उपाध्यक्ष

५०.प्रथम शैलुङ महोत्सवको स्मरण सदैव जनमासमा राख्नका लागि चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकम विश्वभर फैलिएको नोवेल कोरोना भाईरस (कोभिड-१९) का कारण मुलुक वन्दावन्दीको अवस्थामा रहेकोले तोकिएको समयमा कार्य सुचारु गर्न नसकिएकोले आगामी वर्षमा सो कार्यलाई निरन्तरता दिने निर्णय गरेको छु जसको लागि रु ४० लाख विनियोजन गरेको छु। साथै शैलुङ सम्म पुग्ने अधुरो रेलिङ निर्माण कार्य पुरा गर्नका लागि रु १५ लाख विनियोजन गरेको छु।

सभाध्यक्षज्यू

५१. विश्व माहामारी रुपमा फैलिएको नोवेल कोरोना भाईरसका कारण मुलुक वन्दावन्दी अवस्थामा रहेकोले तोकिए वमोजिमको विकास निर्माणका कार्यले पुर्णता पाउन नसकेकोले आगामी आर्थिक वर्षमा समयमा नै उपभोक्ता समितिसंग सम्झौता गरि कार्य सुचारु गरिनेछ साथै अधुरो रहेको विकास निर्माणले समेत पुर्णता पाउने अपेक्षा गरेको छु। पुर्वाधारको कुरा गर्दा सडकतर्फ नै जनताको अधिक माग रहने हुदा सडकतर्फ विस्ले थापागाउ नागथली सुर्के मा वि वालुवा निगालवास सडक निर्माण एवं स्तरोन्नतिका लागि रु ३५ लाख, ढलिढुँगा वस्के सडक निर्माणका लागि रु ४० लाख, माले ओडार पुयाँपानी मध्यपहाडी सडक निर्माणका लागि २० लाख, कालिका मा वि सडक ढलानका लागि रु २० लाख, चौरीखोला गुँरासे (रिष्ठेवजार ढल तथा ग्राभेल) सडक स्तरोन्नतिका लागि रु २२ लाख, फलामेसाँगु पाङचेत थापागाउँ काफलडाडाल खाल्डाडा सडक स्तरोन्नति लागि रु २० लाख, लाईटर सडक निर्माणका लागि २० लाख, गौश्वारा आलु शित भण्डार निर्माण सम्पन्न गर्नका लागि रु २५ लाख, दोरम्वा गाल्पा सडकका लागि ३० लाख रकम विनियोजन गरेको छु। जसले गाउँपालिकाले गत विगतमा शुरुवात गरेका कामले पुर्णता पाउने साथै स्थानीय जनताको आवागमनमा सहजता हुने अपेक्षा गरेको छु।

५२.गाउँपालिका भित्रका महिलाहरुलाई सामान्य सामाजिक कार्य र क्षमता विकासका कार्य गर्नका लागि सामुदायिक भवनको अभावले गर्दा हुन नसकेको ५ वटामा रु २० लाखका दरले महिला सामुदायिक भवन निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**४. वन वातावरण तथा विपद व्यवस्थापनतर्फ**

५३. भौगोलिक रुपमा विषम भुगोल रहेको र भुक्षयतर्फ विभिन्न समस्याहरु विद्यमान भएता पनि वडा भेलावाट न्युन माग आएका कारण यस विषयगत क्षेत्रमा न्युन रकम रु १४,५०,०००। विनियोजन भएको छ।

कृशला घिसिङ
गाउँपालिका उपाध्यक्ष

दोरम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

**सभाध्यक्षज्यू**

५४. हामी निर्वाचीत भई आएपश्चात आम नागरिकको सेवा सुविधाको लागि अहोरात्र खटिरहेका छौ तर हामीले गरेका काम कारवाहीको जानकारी पर्याप्त पुर्‍याउन नसक्दा गुनासोका आवास समेत सुन्न आएको छ जसलाई न्युनीकरण गर्नका लागि आगामी वर्ष यस गाउँपालिकाको ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र विकासात्मक गतिविधिहरुलाई समेटिएको वृतचित्र निर्माण गरि स्थानीय एवं राष्ट्रिय स्तरको संचार माध्यमवाट प्रसारण गर्ने निर्णय गरेको छु ।

५५. गाउँपालिकामा भएका र गरिएका काम कारवाही लाई आधुनिक सुचना संजालमा जोडि सफ्टवेयरको प्रयोग गरि जिन्सी व्यवस्थापन, व्यवसाय कर प्रणालीलाई व्यवस्थित गर्न समेत ध्यान पुर्‍याएकी छु । जसका लागि समेत रकम छुट्टाएको छु । सेवा प्रवाहमा आम नागरिक लाई सुसुचित गर्ने अभिप्राय स्वरुप प्रत्येक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा सवैले देख्न र पढ्न सक्ने गरी नागरिक वडापत्र र डिजिटल डिस्प्ले वोर्ड राख्ने समेत व्यवस्था मिलाएको छु

**श्रद्धेय सभा अध्यक्षज्यू,**

**सभा सदस्यज्यूहरु**

५६. अव म आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु । दोरम्बा गाउँपालिकाको आगामी वर्षका लागि आयतर्फ संघीय सरकारवाट वित्तिय समानीकरणतर्फ रु १२ करोड ६८ लाख, राजश्व वाडफाडवाट रु ७ करोड ४२ लाख, सशर्त अनुदान १९ करोड ४७ लाख, विषेश अनुदान रु २ करोड, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरणतर्फ रु ९९ लाख, सशर्ततर्फ रु १ करोड ५० लाख, सवारी साधन कर वापत रु २ करोड २१ लाख, समपुरक अनुदान रु ३ करोड, चालु आ.व.मा खर्च नभई वाँकी रहेको रकम रु ५ करोड, र आन्तरिक आय गरी कुल रकम रु ५४,९३,५८,२३०। हुने अनुमान गरेको छु । विनियोजन तर्फ चालुमा संघीय सरकार सशर्त अनुदान १९,४७,०००००। प्रदेश सरकार सर्शत अनुदान १,५०,७१,०००। र गाउँपालिकातर्फ रु ६,३४,००,०००। गरि जम्मा २७,३१,७१,०००। र पुँजीगतमा रु २७,६१,८७,२३०। विनियोजन गरिएको छ जसमा विषयगत शाखाका कार्यक्रमगत ३ करोड ४७ लाख रकम विनियोजन गरेको छु । चालुतर्फ विनियोजित रकमवाट सेवा प्रवाह, कर्मचारीको तलवभत्ता र प्रदेश सरकारद्धारा स्वीकृत मापदण्डको परिधिभित्र रहि जनप्रतिनिधिको सुविधा, गाउँपालिका तथा वडा कार्यालय संचालन, र सेवा प्रवाह तथा क्षमता विकासका लागि

कुशला थिसिङ
गाउँपालिका उपाध्यक्ष

कार्यक्रमगत खर्च लगायतका कार्यका खर्च गरिनेछ साथै गाउँपालिका भित्रका माध्यामिक तथा आधारभुत तहको विद्यालयमा विषयगत शिक्षकको दरवन्दी नपुगेका विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा गाउँपालिकावाट नियुक्त शिक्षकको व्यवस्थापनमा समेत खर्च गरिनेछ । साथै प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रमका लागि रु ४ लाख विनियोजन गरिएको छ।

**सभाध्यक्षज्यू**

५७. माथि उल्लेखित रकमवाट संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त समपुरक अनुदान सशर्त अनुदान र विशेष अनुदान एवं चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकि दायित्व सृजना भएका योजनाहरु वाहेक वाकी रहेको पुँजीगत रकममा आर्थिक विकासतर्फ रु ५३,३०,०००। सामाजिक विकासतर्फ रु २,७३,३०,०००। पूर्वाधार विकासतर्फ रु ६,३१,६०,०००। वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ रु १४,५०,०००। सँस्थागत विकास तथा वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्युनीकरण र सुशासनतर्फ रु २७८७२३०। लागत साझेदारीका लागि रु ५० लाख र आकस्मिक कार्यका लागि जगेडा कोषमा रहेको रु १ करोड ५० लाखवाट गाउँपालिकाको गौरवका आयोजना र गाउँपालिकाले आकस्मिक रुपमा सँचालन गर्नुपर्ने योजनाहरु सम्वोधन गर्ने लक्ष्य राखी कुल रकम रु ५४,९३,५८,२३०। गाउँपालिकाको सँचित कोषवाट खर्च गर्ने गरी विनियोजन गरेको जानकारी गराउँदछु । जसको विस्तृत विवरण गाउँ सभाद्धारा स्वीकृत विनियोजन ऐन,२०७७ को एक अँशको रुपमा वार्षिक योजना पुस्तिका मार्फत सवैको जानकारीका लागि प्रकासन गरिनेछ।

**सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु**

अन्त्यमा,

५८. मुलुकभर फैलिरहेको नोवेल कोरोना भाईरस( कोभिड १९) विषम परिस्थित र त्रासमा गुज्रिरहेको अवस्थामा एवं नेपाल सरकारवाट एकै स्थानमा एक पटकममा ५ जना भन्दा वढी जम्मा नहुनु भन्ने निर्देशन पटक पटक आईरहदा पनि नीति वजेट तथा कार्यक्रम सम्पन्न गर्न सहभागितामुलक पद्धति मार्फत टोल विकास समिति स्तरको भेला, वडा भेला हुदै गाउँ सभा सम्मको यो अवस्थामा आईपुग्दा मार्ग निर्देशन गर्नु हुने श्रदेय गाउँपालिका अध्यक्षज्यू, विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु र गाउँसभा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरि स्थानीय राजनीतिक दल संगको अर्न्तक्रिया, टोल सुधार समिति, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सवै कर्मचारी मित्रहरु प्रति

सुझावका लागि आभारी छु। आमागी बर्षको यो बजेट कार्यान्वयमा सवै पक्षको सहयोग रहने अपेक्षा गरेको छु। साथै गाउँपालिका भित्र रहनु भएका वा वाहिर रहनु भएका सवै स्थानीय आमा बुवा दाजु भाई दिदि वहिनी, सवै पेशा वर्ग र क्षेत्रमा आवद्ध आम ज़नसमुदायमा समृद्ध दोरम्बा निर्माणको यस महान अभियानमा साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्दछु।

धन्यवाद

मिति २०७७/०३/१४

..........
कृशला घिसिङ
उपाध्यक्ष